# आर्थिक ऐन, २०७५

# माहाकुलुङ गाउँपालिका
## बुङ, सोलुखुम्बु
## १ नं, प्रदेश
## २०७५

# माहाकुलुङ गाँउपालिकाको आर्थिक ऐन,    २०७५

**प्रस्तावना:** माहाकुलुङ गाँउपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यव्स्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम **महाकुलुङ** गाँउ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (२) यस ऐनको नाम " आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल **श्रावण १** गतेदेखि माहाकुलुङ गाँउपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर:** गाँउपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाउने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाँउपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल कर:** गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर:** गाँउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारीवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपार गरिनेछ ।

७. **सवारी साधन कर:** गाँउपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कुर:** गाँउपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर:** गाँउपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **सेवा शुल्क, दस्तुर:** गाँउपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेमा अनुसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **हाटबजार कर:** गाँउपालिका क्षेत्रभित्र अनुसूचि (१०) बमोजिम हाटबजार बर लगाईने र असुल उपर गरिने छ।

१२. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाँउपालिकाले तोके अनुसार हुने छ।

## अनुसूचि १

### (दफा (२) सँग सम्बन्धित)

### सम्पति कर (कर धुरी घर)

| क्र.स. | सेवाका प्रकार तथा विवरण | आ.व. २०७५/०७६ का लागि स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|
| १ | घरजग्गा मूल्य पहिलो रु. ५ लाखसम्म | ०.१०% | |
| २ | रु. ५ लाखदेखि माथि | ०.१५% | |
| ३ | घरधुरी कर (प्रतिघर) | रु २० | |

## अनुसूचि २

### (दफा (३) सँग सम्बन्धित)

### भूमि कर (मालपोत) पाखो तर्फ प्रति रोपनी

| क्र.स. | सेवाका प्रकार तथा विवरण | आ.व. २०७५/०७६ का लागि स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|
| १ | प्रति **रोपनी** | र. ५ | |

## अनुसूचि ३

### (दफा (४) सँग सम्बन्धित)

### घर बहाल कर

| क्र.स. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | भवन | भाडाको १२% | |
| २ | घर | भाडाको १२% | |
| ३ | पसल | भाडाको १०% | |
| ४ | ग्यारेज | भाडाको १०% | |
| ५ | जग्गा | भाडाको १२% | |
| ६ | गोदाम | भाडाको १०% | |

| | | | |
|---|---|---|---|
| ७ | टहरा | भाडाको १०% | |
| ८ | पोखरी | भाडाको १०% | |

**अनुसूचि ४**

**(दफा (५) सँग सम्बन्धित)**

**व्यवसाय कर**

| **क्र.स.** | **विवरण** | **वार्षिक रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | चुरोट, रक्सी, ज्वेलरी, भिडियो रिर्कडर आदिका थोक तथा खुद्रा व्यापारमा | ५०० | |
| २ | निर्माण सामाग्री, कम्पयुटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुहरु थोक तथा खुद्रा व्यापारमा | ५०० | |
| ३ | दैनिक उपभोगका खाद्य पदार्थ, सूति कपडा आदिको थोक तथा खुद्रा व्यापारमा | ५०० | |
| ४ | होटल, रेस्टुरेन्ट, गेस्ट हाउस, बार | ५०० | |
| ५ | पूल, स्नुकर | १००० | |
| ६ | क्यारेमबोर्ड लगायत अन्य | २०० | |
| ७ | खच्चड व्यवसाय (प्रति खच्चड) | ५५ | |
| ८ | विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा | ५०० | |
| ९ | उत्पादनमूलक उद्योग | २००० | |
| १० | उर्जामूलक उद्योग | २००० | |
| ११ | कृषि तथा वनजन्य उद्योग | ५०० | |
| १२ | खनिज उद्योग | ५०० | |
| १३ | पर्यटन उद्योग | ५००० | |
| १४ | सेवा उद्योग | २००० | |
| १५ | निर्माण उद्योग | २५०० | |
| १६ | संचार सेवा प्रदायक | २५०० | |
| १७ | वित्तिय सेवा | २००० | |
| १८ | स्वास्थ्य सेवा | १००० | |

| | | | |
|---|---|---|---|
| १९ | शिक्षा सेवा निजी क्षेत्रका क्याम्पस विश्वविद्यालय सबै | ५००० | |
| २० | मर्मत सम्भार सेवा | १००० | |
| २१ | सुन चादि पसल | १००० | |
| २२ | व्यूटि पार्लर सैलुन | १००० | |
| २३ | टेलरिङ | २०० | |
| २४ | मासु पसल | १००० | |
| २५ | कस्मेटिक | ५०० | |
| २६ | आर्ट सेन्टर | ५०० | |
| २७ | कुटानी पिसानी मिल | १५०० | |
| २८ | स्टेसनरी पसल, छपाई | ५०० | |
| २९ | फर्निचर पसल | १००० | |
| ३० | थुक्पा, पाउरोटी, विस्कुट | ५०० | |
| ३१ | अन्य सेवा | १००० | |
| ३२ | अन्य व्यवसाय | १००० | |

**अनुसूचि ५**

**(दफा (६) सँग सम्बन्धित)**

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| क्र.स. | सेवाका प्रकार तथा विवरण | आ.व. २०७५/०७६ का लागि स्वीकृत दररेट (प्रति केजी) | कैफियत |
|---|---|---|---|
| १ | चिराईतो | रु. ५ | |
| २ | अलैची | रु. २.५ | |
| ३ | यार्सागुम्बा | रु. ५०० | |
| ४ | सतुवा | रु. १० | |
| ५ | वन लसुन | रु. १० | |
| ६ | कुड्की | रु. १० | |
| ७ | जटामसी | रु. १०० | |
| ८ | विकुम्मा | रु. १०० | |
| ९ | हाडजोर्नी | रु. १०० | |

| | | | |
|---|---|---|---|
| १० | पदमचाल | रु. १०० | |
| ११ | टिमुर | रु. १० | |
| १२ | अमला | रु. १० | |
| १३ | अम्लिसो प्रति मन | रु. १० | |
| १४ | अल्लो प्रति केजी | रु. ५ | |
| १५ | अल्लो प्रति केजी | रु. ५ | |
| १६ | नेपाली काजग प्रति केजी | रु. ५ | |
| १७ | लोक्ता प्रति केजि | रु. २ | |
| १८ | मजिथो प्रति केजि | रु. २ | |

**अनुसूचि ६**

**(दफा (७) सँग सम्बन्धित)**

**सवारी साधन कर**

| क्र.स. | सेवाका प्रकार तथा विवरण | आ.व. २०७५/०७६ का लागि स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल वार्षिक कर | रु. १०० | |
| २ | कार, जीप, भ्यान वार्षिक कर | रु. २०० | |
| ३ | भाडा कर जिप भ्यान | रु. ३०० | |
| ४ | प्राइभेट टेम्पू | रु. १५० | |
| ५ | भाँडा ट्म्पू | रु. २०० | |
| ६ | ट्याक्टर | रु. २५० | |
| ७ | मिनिबस ट्रक | रु. ५०० | |
| ८ | हेभी गाडी डोजर क्रेन | रु. २५०० | |

## अनुसूचि ७

### (दफा (८) सँग सम्बन्धित)

### विज्ञापन कर

| क्र.स. | सेवाका प्रकार तथा विवरण | आ.व. २०७५/०७६ का लागि स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले प्रति वर्ग फुट प्रति वर्ष | रु. १०० | |
| २ | पर्खाल, बार, भित्तामा कम्पनी संस्थाको रंग पोतेको प्रति वर्ग फुट | रु. ५० | |
| ३ | सार्वजनिक स्थलमा | रु. १०० | |
| ४ | पोल व्यानर | रु. १०० | |
| ५ | गाडिमा गरिने | रु. १०० | |
| ६ | आकाशमा गरिने | रु. १०० | |
| ७ | खेलकुद मैदानमा | रु. १०० | |
| ८ | साइनबोर्ड प्रति वर्ग फुट | रु. ५०० | |

## अनुसूचि ८

### (दफा (९) सँग सम्बन्धित)

### मनोरञ्जन कर

| क्र.स. | सेवाका प्रकार तथा विवरण | आ.व. २०७५/०७६ का लागि स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|
| १ | जादु सर्कस प्रति पटक | रु. २०० | |
| २ | नाटक प्रति पटक | रु. २०० | |
| ३ | दोहोरी साँझ वार्षिक | रु. ५०० | |
| ४ | मेला महोत्सव प्रति दिन | रु. १००० | |
| ५ | सांगितिक तथा अन्य | रु. ५०० | |
| ६ | खेलकुद कार्यक्रम | रु. ५०० | |
| ७ | अन्य मनोरञ्जन कर | रु.५०० | |

| पर्यटन शुल्क दररेट | | | |
|---|---|---|---|
| ८ | सार्क भित्रका | रु. १००० (प्रतिव्यक्ति) | |
| ९ | एसिया भित्रका | रु. १५०० (प्रतिव्यक्ति) | |
| १० | अन्य मुलुकका | रु. २००० (प्रतिव्यक्ति) | |

**अनुसूचि ९**

**(दफा (१०) सँग सम्बन्धित)**

**सेवा शुल्क दस्तुर**

| क्र.स. | सिफारिस तथा अन्य दस्तुर शुल्क | | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस साधारण | रु. १०० | |
| २ | नागरिकता सिफारिस मुचुल्का सहित | रु. २०० | |
| ३ | अंगिकृत नागरिकता सिफारिस वैवाहिक | रु. ५०० | |
| ४ | नाता प्रमाणित जिवित सँगको | रु. १०० | |
| ५ | नाता प्रमाणित मृतक सँगको | रु. १०० | |
| **सिफारिस दस्तुर** | | | |
| ६ | पारिवारिक विवरण सिफारिस | रु. १०० | |
| ७ | बसोबास प्रमाणित सिफारिस | रु. १०० | |
| ८ | नावालक सिफारिस | रु. १०० | |
| ९ | जन्म मिति प्रमाणित सिफारिस | रु. १०० | |
| १० | वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | रु. १५० | |
| ११ | अविवाहित प्रमाणित सिफारिस | रु. १०० | |
| १२ | जिवित रहेको सिफारिस | रु. १०० | |
| १३ | व्यक्तिगत विवरण प्रमाणित सिफारिस | रु. १०० | |
| १४ | चारीत्रिक प्रमाणित सिफारिस | रु. १०० | |
| १५ | सम्बन्ध विच्छेद प्रमाणित सिफारिस | रु. २०० | |
| १६ | खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँसारी | रु. २५० | |
| १७ | विद्युत मिटर जडान सिफारिस(घरायसी) | रु. ३५० | |

| | | | |
|---|---|---|---|
| १८ | विद्युत मिटर जडान सिफारिस(उद्योग) | रु. १००० | |
| १९ | अन्य प्रमणित वा सिफारिस | रु. १०० | |
| २० | गोलिया तथा रुख कटान सिफारिस प्रमाणित देखि ओटा | रु. १५०० | |
| २१ | २६ वटा रुख देखि माथि (प्रति थप रुख) सिफारिस | रु. ५० | |
| **घरेलु तथा साना उद्योगको सर्जमिन तथा सिफारिस** | | | |
| २२ | ठूला उद्योग सिफारिस | रु. ५००० | |
| २३ | मझौला उद्योग सिफारिस | रु. २५०० | |
| २४ | साना तथा घरेलु उद्योग | रु. १००० | |
| २५ | व्यवसाय बन्द तथा नाम परिवर्तन | रु. ३५० | |
| २६ | व्यवसाय सञ्चालन भएको सिफारिस | रु. ३५० | |
| २७ | व्यवसाय नभएको सिफारिस | रु. २०० | |
| २८ | व्यवसाय दर्ता सिफारिसम | रु. १००० | |
| २९ | व्यासाय दर्ता र  नविकरण | रु. १००० | |
| ३० | मदिरा व्यवसाय सिफारिस (खुद्रा) | रु. ५०० | |
| ३१ | मदिरा व्यवसाय सिफारिस (थोक) | रु. ५०० | |
| ३२ | संघ संस्था दर्ता सिफारिस | रु. ५०० | |
| ३३ | वडा सर्जमिन | रु. २०० | |
| ३४ | प्लटिङ्ग इजाजत प्रति रोपनी | रु. २००० | |
| ३५ | वनजन्य वस्तुको सिफारिस | रु. ५०० | |
| ३६ | पर्यटन स्तरीय होटल सिफारिस | रु. २००० | |
| ३७ | होटल दर्ताको सिफारिस | रु. १००० | |
| ३८ | निजी बैंक तथा वित्तीय संस्था स्थापना अनुमती सिफारिस | रु. २५०० | |
| ३९ | जग्गा धनी पूर्जा प्रतिलिपी सिफारिस | रु. २०० | |
| ४० | घर पातल प्रमाणित | रु. १०० | |
| ४१ | पूर्जामा घर कायम सिफारिस | रु. १०० | |
| **जग्गा रजिष्ट्रेशन पास** | | | |
| ४२ | पहिलो कित्ता | रु. २०० | |

| | | | |
|---|---|---|---|
| ४३ | पहिलो कित्ता पछि थप प्रति कित्ता | रु. ५० | |
| ४४ | ट्रेस नक्सा निर्माण प्रति कित्ता | रु. २०० | |
| ४५ | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | रु. २०० | |
| ४६ | उजुरी निवेदन दस्तुर | रु. ५० | |
| ४७ | मिला पत्र दस्तुर | रु. ५०० | |
| ४८ | जग्गा दर्ता वा नामसारी सिफारिस (२० रोपनी सम्म) | रु. ५०० | |
| ४९ | थप प्रति रोपनी | रु. ५० | |
| ५० | राजिनामा, बकसपत्र सिफारिस | रु. ३०० | |
| ५१ | अंशवण्डा सिफारिस | रु. २०० | |
| ५२ | नाम सच्याई सर्जमिन | रु. ३०० | |
| ५३ | अमिन खटन दस्तुर प्रति कित्ता वडा नं. १,२ र ३ | रु. ५०० | |
| ५५ | घर नक्सा नामसारी | रु. ५०० | |
| ५६ | उद्योग नामसारी ठूलो | रु. २००० | |
| ५७ | उद्योग नामसारी मझौला | रु. १५०० | |
| ५८ | उद्योग नामसारी सानो | रु. १००० | |
| **चार किल्ला प्रमाणित** | | | |
| ५९ | पहिलो कित्ता | रु. २०० | |
| ६० | पहिलो कित्ता पछि थप प्रति कित्ता | रु. ५० | |
| **घर जग्गा मूल्याङ्कन** | | | |
| ६१ | १ लाख देखि १० लाख सम्म | रु. १००० | |
| ६२ | १० लाख देखि २० लाख सम्म | रु. २००० | |
| ६३ | २० लाख भन्दा माथि थप प्रति लाख | रु. २०० | |
| ६४ | नक्सा पास किताब | रु. ५०० | |
| ६५ | आय श्रोत प्रमाणित प्रति लाख प्रति वर्ष | रु. १०० | |
| **निजी विद्यालयको कक्षा वृद्धि / तह वृद्धि** | | | |
| ६६ | कक्षा वृद्धि | रु. १००० | |
| ६७ | तह वृद्धि | रु. २००० | |

| | | | |
|---|---|---|---|
| **सामुदायिक विद्यालयको कक्षा वृद्धि(अपग्रेड)** | | | |
| ६८ | कक्षा वृद्धि | रु. ५०० | |
| ६९ | तह वृद्धि | रु. १००० | |
| ७० | क्याम्पस / कलेज स्तर | रु. १५०० | |
| ७१ | पञ्जीकरण- मृत्यु, जन्म, विवाह, दर्ता बसाईसराई | ३५ दिन सम्म नि:शुल्क र त्यस पछी रु. १०० | |
| ७२ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | रु. १०० | |
| ७३ | आन्तरिक बसाईसराई सिफारिस | गा. पा भित्र - रु. २०० गा. पा बाहिर – रु. ५०० | |
| ७४ | चौपाया निकासी दस्तुर प्रति गोटा (भेडा, बाख्रा, खसी बाहेक) सिफारिस | रु. ५० | |
| ७५ | चौपाया निकासी दस्तुर प्रती गोटा (राँगा, भैसी) सिफारिस | रु. १०० | |
| ७६ | संघ संस्था, क्लब, इन्टिच्युट आदि दर्ता | रु. १००० | |
| ७७ | समुह दर्ता | रु. ५०० | |
| ७८ | कुटानी पिसानी मिल सिफारिस | रु. १००० | |
| ७९ | स मिल काठचिरानी सिफारिस | रु. १००० | |
| ८० | संस्था नविकरण | रु. ५०० | |
| ८१ | नाम, थर, जन्म मिति सिफारिस | रु. १०० | |
| **उद्योग दर्ता दस्तुर** | | | |
| ८२ | उद्योग दर्ता (५ देखि २० हर्ष पावर सम्म) | रु. ७०० | |
| ८३ | उद्योग दर्ता (२० हर्ष पावर भन्दा माथि | रु. १५०० | |
| ८४ | स मिल काठ चिरानी दर्ता | रु. ४००० | |
| ८५ | फर्निचर उद्योग दर्ता | रु. २००० | |
| ८६ | डेरी उद्योग दर्ता | रु. १००० | |
| ८७ | निर्माण व्यवसाय दर्ता | रु. १००० | |
| ८८ | परामर्श सेवा दर्ता | रु. १५०० | |
| **निजी विद्यालय सिफारिस / दर्ता** | | | |
| ८९ | शिशु कक्षा संचालन दर्ता | रु. ३००० | |

| | | | |
|---|---|---|---|
| ९० | आधारभूत स्तर | रु. ४००० | |
| ९१ | माध्यमिक स्तर | रु. ५००० | |
| **सामुदायिक विद्यालय सिफारिस / दर्ता** | | | |
| ९२ | शिशु कक्षा संचालन दर्ता | नि:शुल्क | |
| ९३ | आधारभूत स्तर | नि:शुल्क | |
| ९४ | माध्यमिक स्तर | नि:शुल्क | |
| **विद्यालयको ठाउँसारी गर्ने सिफारिस** | | | |
| ९५ | निजी | रु. ३००० | |
| ९६ | सामुदायिक | रु. १००० | |
| **घडेरी प्लटिङ्गमा बाटोको लगत कट्टा** | | | |
| ९७ | १ रोपनी सम्म | रु. १५०० | |
| ९८ | ५ रोपनी सम्म | रु. २५०० | |
| ९९ | ५ रोपनी भन्दा माथि | रु. ५००० | |
| १०० | घर जग्गा करको लेखा जोखा सिफारिस | रु. २०० | |
| १०१ | नि:शुल्क स्वास्थ्य उपचार सिफारिस | नि:शुल्क | |
| १०२ | सशुल्क स्वास्थ्य उपचार सिफारिस | रु. १५० | |
| १०३ | आफ्नो अधिकारक्षेत्रका विषयमा अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणित | स्वदृशी प्रायोजन १००० र वैदेशिक प्रायोजन ५००० | |
| १०४ | संस्थागत संरक्षक सिफारिस | रु. १०० | |
| १०५ | व्यक्तिगत संरक्षक सिफारिस | रु. १०० | |
| १०६ | हकवाला वा हकदार सिफारिस र प्रमाणित | रु. १०० | |
| १०७ | जग्गाको हक सम्बन्धी सिफारिस (सार्वजनिक, ऐलनी तथा पर्ति जग्गा बाहेक) | रु. २०० | |
| १०८ | पालन पोषण सिफारिस | रु. २०० | |
| १०९ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | नि:शुल्क | |
| ११० | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | रु. ५००० | |
| **नक्सा पास दस्तुर** | | | |
| १११ | कच्ची घरको RCC बाहेक एकमुष्ठ | रु. २०० | |

| | | | |
|---|---|---|---|
| ११२ | RCC लागि (स्थानहरु तोक्ने), तथा राजमार्ग क्षेत्रमा प्रति स्क्वायर फिट प्रति तला | रु. १० | |
| ११३ | RCC को लागि प्रति स्क्वायर फिट प्रति तला (अन्य क्षेत्रमा) | रु. ५ | |
| ११४ | RCC को लागि (स्थानहरु तोक्ने) र राजमार्गमा पर्नेको प्रति स्क्वायर फिट प्रति तला निर्माण भईसकेको | रु. १५ | |
| ११५ | RCC को लागि प्रति स्क्वायर फिट प्रति तला निर्माण भईसकेको (अन्य क्षेत्रमा) | रु. १० | |
| **नयाँ घट्टा दर्ता** | | | |
| ११६ | विद्युतबाट चल्ने घट्टा दर्ता | रु. २००० | |
| ११७ | ३ महिना सम्म संचालन हुने | रु. १५० | |
| ११८ | ६ महिना सम्म संचालन हुने | रु. २५० | |
| ११९ | १२ महिना संचालन हुने | रु. ३५० | |
| १२० | घट्टा बन्द सिफारिस तथा प्रमाणित | रु. ५०० | |
| **योजना तथा कार्यक्रम सम्झैता सेवा शुल्क** | | | |
| १२१ | ५ लाख सम्म | रु. १०० | |
| १२२ | ५ लाख देखि माथि | रु. ५०० | |
| १२३ | मोहि लगत कट्टा | रु. ३५० | |
| **छात्रवृति सिफारिस** | | | |
| १२४ | विपन्न | नि:शुल्क | |
| १२५ | सम्पन्न | रु. २५० | |
| १२६ | अन्तराष्ट्रिय अध्ययन छात्रवृति सिफारिस | रु. १००० | |
| १२७ | अपाङ्गता सिफारिस | रु. ५० | |
| १२८ | स्थाई बसोबास सिफारिस | रु. २०० | |
| १२९ | अस्थायी बसोबास सिफारिस | रु. २०० | |
| १३० | कोट फि मिनाह सिफारिस | नि:शुल्क | |
| १३१ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | रु. २०० | |
| १३२ | कोठा खोल्ने रोहवरमा बस्ने | रु. ५०० | |

| | | | |
|---|---|---|---|
| १३३ | अन्य कार्यालयका माग अनुसार सिफारिस | रु. २०० | |
| १३४ | घर बाटो प्रमाणित | साधारण रु. २०० जटिल रु. ३५० | |
| १३५ | जग्गा रेखाङ्कनको कार्यमा रोहवरमा बस्ने | रु. १५० | |

**अनुसूचि १०**

**(दफा (११) सँग सम्बन्धित)**

**हाट बजार कर:** गाँउपालिका क्षेत्रभित्र रहेका साप्ताहिक हाटबजारमा लगाईने कर पछि राजस्व परामर्श समितिको परामर्श अनुसार निर्धारण गरिनेछ ।